सर्वोच्च अदालत

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान

आदेश

०७८-WO-०१२४

विषयः उत्प्रेषण

वातावरण कानुन समाज नेपालको तर्फबाट अधिवक्ता पदम बहादुर श्रेष्ठ. निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ......................... विपक्षी

०७८-MS-००९३

वातावरण कानुन समाज नेपालको तर्फबाट अधिवक्ता पदम बहादुर श्रेष्ठ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत ......................... विपक्षी

मुद्दाः- अदालतको अवहेलना

रिट निवेदनसहितको मिसिल कागजात पेस भई निवेदक विद्वान् वरिष्ठ अधिवक्ता श्री पदम बहादुर श्रेष्ठ तथा निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री सुमनराज आचार्य एवं विद्वान् अधिवक्ताहरु श्री राजु फुयाल, श्री सञ्जय अधिकारी, श्री विष्णु कुमार थोकर, श्री सतकोण श्रेष्ठ, श्री दिलराज खनाल तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता श्री सविता भण्डारी र विद्वान् नायब महान्यायाधिवक्ता श्री संजीवराज रेग्मीले गर्नु भएको बहस समेत सुनियो।

यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका तर्फबाट उपस्थित सचिव श्री मधुसुदन बुर्लाकोटी, वन तथा वातावरण मन्त्रालयका तर्फबाट उपस्थित सचिव डा. श्री गोविन्द प्रसाद शर्मा, प्लाष्टिक उद्योगको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राम

CamScanner

नारायण कार्की र प्लाष्टिकजन्य उद्योग र यससँग सम्बन्धित उद्यमी व्यवसायीहरुको संघको अध्यक्ष श्री विष्णुप्रसाद कोइरालाले गर्नुभएको जिकिरहरु सुनियो।

यसमा देहायका कार्यहरु सम्पन्न गरी नियमानुसार पेश गर्नू :

क. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तीनै तह संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय, अन्तरक्रिया र छलफल गरी ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा सम्वत् २०८२ मंसिर १ गतेदेखि लागू हुने गरी रोक लगाएको भन्ने व्यवस्थाको कार्यान्वयनको अवस्था, ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको झोला उत्पादन गर्ने उद्योगहरुको पहिचान, त्यस्ता उद्योगले उत्पादन गरे नगरेको अवस्था, त्यस्ता कम गुणस्तरका प्लाष्टिकको झोलाको आयातको अवस्था र आमरुपमा प्रयोग भए नभएको एवं यस्ता प्लाष्टिकजन्य झोलाको प्रयोग र विसर्जनको सम्बन्धमा जनसचेतनाका लागि भए गरेका विविध कार्यहरुसमेत सम्बोधन हुने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आदेश भएको मितिले ३ महिनाभित्र प्रतिवेदन लिनू।

ख. यसै गरी प्लाष्टिकजन्य उद्योग र यससँग सम्बन्धित उद्यमी व्यवसायीहरुको संघबाट ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको आयातको अवस्था के कस्तो रहेको छ ? ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादनलाई बन्द गरी ४० माइक्रोन वा सो भन्दा बाक्लो प्लाष्टिक उत्पादन, बिक्री वितरण र प्रयोगलाई जोड दिन प्लास्टिक उद्योग र प्रविधिमा के कस्तो परिवर्तन अपरिहार्य रहेको छ? सो को विकासकोलागि नेपाल सरकारबाट के कस्तो कार्यक्रमगत व्यवस्थाहरु आवश्यक रहेको छ? कुन कुन पक्षको सहकार्य र समन्वय आवश्यक रहेको छ? सो सम्बन्धमा विज्ञ टोली गठन गरी प्लाष्टिकजन्य उद्योग संघबाट आदेश भएको मितिले ३ महिनाभित्र प्रतिवेदन लिनू।

ग. BASEL Convention on Central of Transboundary movements of hazardous wastes and their disposal 1989 को हाम्रो देशमा कार्यान्वयनको अवस्था के हो,

कुन हदसम्म कार्यान्वयन भएको छ? सो सम्बन्धमा वन तथा वातावरण मन्त्रालयबाट आदेश भएको मितिले ३ महिनाभित्र प्रतिवेदन लिनू।

घ. यसै अदालतमा विचाराधिन रहेको सवनम प्लाष्टिक उद्योगका प्रोपराइटर रामकृष्ण ढुंगेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत भएको मुद्दा नं. ०७९-WO-०१६८ को उत्प्रेषण रिट निवेदन समेत साथै राखी पेश गर्नू।

ङ. पेशीको दिन वन तथा वातावरण मन्त्रालय तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रस्तुत विषय हेर्ने कम्तीमा एक एक जना जिम्मेवार राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिल्लो दर्जाको अधिकारीलाई उपस्थिति हुन आवश्यक व्यवस्था गर्नू भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउनू।

च. प्रस्तुत निवेदनलाई हेर्दा हेर्दैमा राखी सुनुवाईको निम्ति मिति २०८२।१२।२९ को पेशी तारेख तोक्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८२ माघ ११ गते रोज १ शुभम्.......................................।